# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४) झापा,१ नं प्रदेश, नेपाल चैत्र ३१ गते २०७७ साल ( संख्या ७

## भाग १

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा, १ नं प्रदेश, नेपाल

हल्दीबारी गाउँपालिकाको नवौ गाउँसभाले वनाएको तल लेखिए वमोजिमको **हल्दीबारी गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७७** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ७

हल्दीवारी राजपत्र

“हल्दीबारी गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्वन्धी ऐन, २०७७”

## प्रस्तावना

हल्दीबारी गाउंपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी वनाउदैं गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ (ठ) वमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हल्दीबारी गाउंपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम “हल्दीबारी गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्वन्धी ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

(३) यो ऐन हल्दीबारी गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

**२. परिभाषा र व्याख्या : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-**

(क) “गाउँसभा” भन्नाले हल्दीबारी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले हल्दीबारी गाउंपालिका सम्झनु पर्छ ।

(ग) “अध्यक्ष” भन्नाले हल्दीबारी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) “उपाध्यक्ष” भन्नाले हल्दीबारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) “स्थानीय अधिकारी” भन्नाले हल्दीबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) “संस्था” भन्नाले आर्थिक,सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास,प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, आमा समूह, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(छ) “दातृ निकाय” भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्विपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

(ज) “अन्तर्राष्ट्रिय गैर सरकारी संस्था” भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ ।

(झ) “कार्य समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।

(ञ) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली तथा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "सिफारिस समिति" भन्नाले दफा १२ बमोजिम गठित दण्ड जरिवाना सिफारिस समितिलाई सम्झनु पर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः**

(१) यस ऐन बमोजिम हल्दीबारी गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाइने छैन ।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउदा यस गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून वमोजिम कारवाही गर्न सकिनेछ ।

**४. संस्थाको दर्ता तथा सञ्चालन सम्वन्धी व्यवस्थाः**

(१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै ७ (सात) जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको ३ (तीन) प्रति रु. पाँच सय दस्तुर सहित स्थानीय अधिकारी समक्ष **अनुसुची १** को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) संस्थाको कार्यक्षेत्र र विषय

(घ) प्रबन्ध समितिका सदस्यहरुको हालसालै खिचेको फोटो सहित नाम,ठेगाना र तिनपुस्ते विवरण,

(ङ) स्रोत साधन सम्वन्धी विवरण,

(च) कार्यालय खोल्ने ठेगाना,

(छ) पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ज) अनुसूचि ३ बमोजिमको स्वघोषणा पत्र

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी **अनुसूचि २** बमोजिमको दर्ता प्रमाणपत्र दिनेछ ।

४) प्रचलित कानून वमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरु यस ऐन वमोजिम दर्ता/सूचिकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखि रु. पाँच सय दस्तुर सहित निवेदन दिनुपर्नेछ ।

५) संस्थाको नामबाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

६) उपदफा (३) वमोजिम संस्था दर्ता गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा तोकिए बमोजिम वर्गीकरण गरिनेछ ।

७) संस्था नविकरण गर्न रु. पाँच सय दस्तुर गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**५. संगठित संस्था मानिने:**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थासँग सहकार्य सम्वन्धी व्यवस्था:** गाउँपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ । सहकार्य सम्वन्धी विधि प्रक्रिया र शर्त तोकिए वमोजिम हुनेछ ।

**७. संस्थाको सम्पत्ति:**

(१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्न सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम सम्पत्ति फिर्ता गर्न गराउन स्थानीय अधिकारीले आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछ ।

(५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**८. संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेर:**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासँग गाभिन उचित देखेमा कार्यसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभा सञ्चालनका लागि आवश्यक गणपुरक उपस्थित सदस्य संख्याको वहुमत सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने छ ।

**९. हिसाबको विवरण पेश गर्नु पर्ने:** कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने:**

(१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ ।

(२) हिसाबजाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकारीले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाबजाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ । अन्य प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

**११. निर्देशन दिने** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड र सजाय:**

(१) दफा (३), (८), (९) र (१०) बमोजिम कार्य नगर्ने संस्थालाई दण्ड जरिवानाका लागि स्थानीय अधिकारीलाई सिफारिस गर्न निम्न अनुसारको दण्ड जरिवाना सिफारिस समिति गठन गरिनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. प्रशासन शाखा प्रमुख- सदस्य

ग. संघ संस्था शाखा प्रमुख - सदस्य

(२) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही रु.५००।- देखि रु.५०००।- सम्म जरीवाना गर्न सक्ने छ ।

(३) दफा ९ बमोजिमको विवरण पेश नगरेमा प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही रु.५००।- देखि रु. २०००।- सम्म जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सिफारिस समितिलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

(४) दफा १० को उपदफा (३) बमोजिम हिसाबजाँच गर्न सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले रु.२०००।- सम्म जरिवाना गर्न सक्नेछ ।

(५) दफा ८ बमोजिम स्थानीय अधिकारीको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने गाभिने गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदनः** स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१४. संस्थाको विघटन र त्यसको परिणामः**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

**१५. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्वन्धी व्यवस्थाः**

१) कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून वमोजिम हल्दीबारी गाउँपालिका क्षेत्रभित्र कार्य गर्दा हल्दीबारी गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः**

यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता तथा इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा संचालन गर्नुपर्नेछ ।

**१७. नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम/कार्यविधि/निर्देशिका बनाउन सक्नेछ ।

**१८. खारेजी र बचाउः**

(१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसुची १

**(दफा ४ को उपदफा १ सँग सम्बन्धित)**

संस्था दर्ताको लागि दिइने निवेदनको ढाँचा

मिति : .............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
हल्दीबारी गाउँकार्यपालिकाको कार्यालय
हल्दीबारी, झापा ।

बिषय : संस्था दर्ता सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस हल्दीबारी गाउँपालिकाको वडा नं. .....को ...............................टोलमा स्थापना गरिएको .........................................................................संस्थालाई हल्दीबारी गाउँपालिकाको कार्यालयमा दर्ता /सुचिकृत गरीदिनुहुन तपसिल बमोजिमका कागजात यसैसाथ संलग्न राखि पेश गरेको व्यहोरा अनुरोध छ ।

निवेदक

प्रस्तावित संस्थाको नाम, ठेगाना :
अध्यक्षको नाम :

**तपसिल**

क. कार्यसमितिका सदस्यहरुको नाम, ठेगाना र तीनपुस्ते विवरण

ख. कार्यसमितिमा रहने पदाधिकारीहरुको हालसालै खिचेको पासपोर्ट साइजको फोटो १/१ प्रति

ग. कार्यसमितिमा रहने पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ. संस्थाको प्रमाणित विधान ३ प्रति

## अनुसुची २

## दफा ४ को उपदफा ३ सँग सम्बन्धित

### संस्था दर्ता प्रमाणपत्रको नमुना

हल्दीबारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

जलथल, झापा , १ नं. प्रदेश

दर्ता नं.......... मिति ...................

### संस्था दर्ता प्रमाणपत्र

हल्दीबारी गाउँपालिका वडा नं. .....स्थित...........................मा स्थापना भएको श्री............................................. संस्थालाई संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन को दफा (४) बमोजिम यस गाउँपालिकाको मिति ............................को निर्णय अनुसार दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

स्थानीय अधिकारी

# अनुसुची २

## दफा ४ को उपदफा १ सँग सम्बन्धित

**स्वघोषणा पत्र**

प्रस्तावित श्री ........................................... संस्था दर्ता गर्न दरखास्त दिने हामी तपशिल बमोजिमका आवेदकहरुले प्रचलित कानुन सम्मत संस्था स्थापना गरी आफ्नो गाउँ समाजको सामाजिक उत्थान, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने प्रयोजन वाहेक अन्य कुनै व्यक्तिगत स्वार्थ वा कारण नभएको तथा प्रस्तावित संस्थाको संचालक समिति वा सदस्यमा रहेर कार्य गर्न प्रचलित कानुन बमोजिम अयोग्य नरहरेको व्यहोरा स्व-घोषणा गर्दछौ।

उपर्युक्त व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझौला भनी सही छाप गर्ने

| सि.नं. | समिति पदाधिकारी/ सदस्यको नाम थर | नागरिकता प्र.प.नं. र जारी मिति/जिल्ला | हालको ठेगाना र सम्पर्क नं | सहीछाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
(प्रविन दहाल)
प्रमुख प्रशासकीय अधिकृत